केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन :४७१९६४४/५/७
एक्स्टेन्सन : १३४५, १३४७
E-mail : psdept@nrb.org.np
Web : www.nrb.org.np

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

पत्र संख्याः भु.प्र.वि/नीति/परिपत्र/०५/०८२/८३ मिति : २०८३/०२/२५

भुक्तानीसम्बन्धी कार्य गर्ने अनुमतिपत्रप्राप्त सम्पूर्ण संस्थाहरु ।

विषय : विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८ संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई जारी गरिएको विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८ मा संलग्न तालिका बमोजिम संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) को दफा ११० को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यो मार्गदर्शन जारी गरिएको छ ।

भवदीय,

(निश्चल अधिकारी)
कार्यकारी निर्देशक

बोधार्थः

(१) श्री गभर्नरको कार्यालय ।
(२) श्री डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
(८) श्री वित्तीय जानकारी इकाई, काठमाडौं ।
(९) श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
(१०) श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
(१२) श्री नेपाल लघुवित्त बैंकर्स संघ, काठमाडौं ।
(१३) श्री भुक्तानी सेवा प्रदायक संघ नेपाल, काठमाडौं ।

## विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८ मा संशोधन सम्बन्धमा ।

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | बुँदा नं. २ | २. मार्गदर्शनको उद्देश्य<br><br>(च) हाल नरहेको । | २. मार्गदर्शनको उद्देश्य<br><br>**(च) लघु, साना तथा मझौला व्यवसायीलाई विद्युतीय माध्यमबाट कारोबारमा आधारित भई प्रवाह गरिने कर्जामा सहजीकरण गर्ने ।** |
| २. | बुँदा नं. ३ | ३. विद्युतीय कर्जामा सम्बद्ध पक्षहरु<br><br>विद्युतीय कर्जामा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू संलग्न रहनेछन् । विद्युतीय कर्जा प्रवाह गर्न सम्भावित ऋणीबाट कर्जा आवेदनदेखि कर्जा असुलीसम्मका कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाहरूले आवश्यकताअनुसार अन्य भुक्तानी सेवा प्रदायक संस्थाहरूलाई प्रतिनिधि (Agent) को रूपमा संलग्न गराउन सक्नेछन् । | ३. विद्युतीय कर्जामा सम्बद्ध पक्षहरु<br><br>विद्युतीय कर्जामा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू संलग्न रहनेछन् । विद्युतीय कर्जा प्रवाह गर्न सम्भावित ऋणीबाट कर्जा आवेदनदेखि कर्जा असुलीसम्मका कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाहरूले आवश्यकताअनुसार अन्य भुक्तानी सेवा प्रदायक संस्थाहरूलाई प्रतिनिधि (Agent) को रूपमा संलग्न गराउन सक्नेछन् । **विद्युतीय कर्जा प्रदान गर्ने सिलसिलामा ग्राहकको विद्युतिय माध्यमबाट गरिएको कारोबारको विवरण, भुक्तानीसम्बन्धी विवरणलगायत व्यवसायसम्बन्धी अन्य विवरणबाट कर्जा विश्लेषण गर्ने कार्यका लागि बैंक तथा वित्तीय संस्थाहरुले प्रविधि प्रदायक संस्थाहरु (Technology Service Providers - TSP) सँग सहकार्य गर्न सक्नेछन् । यस सम्बन्धमा रहने जोखिमको व्यवस्थापन बैंक तथा वित्तीय संस्थाले गर्नुपर्ने छ ।** |
| ३. | बुँदा नं.४ | ४. विद्युतीय कर्जाको सीमा र समयावधि<br><br>बैंक तथा वित्तीय संस्थाहरुमा तलवी खाता रहेका वा पेशागत तथा व्यवसायिक आय जम्मा हुने खाता रहेका ग्राहकको हकमा अधिकतम रू. ५ लाखसम्म र अन्य ग्राहकको हकमा अधिकतम रू. २ लाखसम्म विद्युतीय कर्जा उपलब्ध गराउन सकिनेछ। यस्तो कर्जाको अवधि अधिकतम ३ वर्षसम्म हुनेछ । साथै कर्जा प्रदान | ४. विद्युतीय कर्जाको सीमा र समयावधि<br><br>**बैंक तथा वित्तीय संस्थाहरुमा तलवी एवं पेशागत तथा व्यवसायिक आम्दानी जम्मा हुने खाता भएका प्राकृतिक व्यक्ति र लघु, साना तथा मझौला व्यवसायीलाई** विद्युतीय कर्जा उपलब्ध गराउन सकिनेछ। **ग्राहकको प्रकृतिअनुसार प्रदान गर्न सकिने विद्युतीय कर्जाको सीमा र भुक्तानी अवधि देहायबमोजिम हुनेछ :-** |

# विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८ मा संशोधन सम्बन्धमा ।

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td></td><td></td><td>गर्दा/फिर्ता भुक्तानी गर्दा एकैपटक वा किस्तामा समेत भुक्तानी गर्न सकिने गरी कर्जा प्रवाह गर्न सकिनेछ ।</td><td>
<table>
<tr><th>क्र.स.</th><th>ग्राहकको प्रकार</th><th>अधिकतम कर्जा सीमा रु.</th><th>कर्जाको भुक्तानी अवधि</th></tr>
<tr><td>१.</td><td>बैंक तथा वित्तीय संस्थाहरुमा तलवी एवं पेशागत तथा व्यवसायिक आम्दानी जम्मा हुने खाता भएका प्राकृतिक व्यक्ति</td><td>रु.५ लाख</td><td>३ वर्ष</td></tr>
<tr><td>२.</td><td>बुँदा नं १ मा उल्लेख भए बाहेकका प्राकृतिक व्यक्ति</td><td>रु.२ लाख</td><td>३ वर्ष</td></tr>
<tr><td>३.</td><td>लघु, साना तथा मझौला व्यवसायी (अल्पकालिन प्रकृतिको चालु पुँजी कर्जा)</td><td>रु.५ लाख</td><td>१ वर्ष</td></tr>
<tr><td>४.</td><td>लघु, साना तथा मझौला व्यवसायी (दीर्घकालिन प्रकृतिको चालु पुँजी कर्जा)</td><td>रु.१० लाख</td><td>सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्नो चालु पुँजी कर्जा नीति बमोजिम कर्जाको भुक्तानी अवधि निर्धारण गर्नुपर्ने ।</td></tr>
</table>
</td></tr>
</table>

**विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८ मा संशोधन सम्बन्धमा ।**

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| ४. | बुँदा नं.७ | ७. बैंक तथा वित्तीय संस्थाले भुक्तानी सेवा प्रदायक संस्थालाई प्रतिनिधि तोक्न सक्ने ।<br><br>(ज) नभएको | ७. बैंक तथा वित्तीय संस्थाले भुक्तानी सेवा प्रदायक संस्थालाई प्रतिनिधि तोक्न सक्ने । **(साविकको क देखि छ सम्मका व्यवस्थाहरु यथावत रहने)**<br><br>**(ज) बैंक तथा वित्तीय संस्थाले भुक्तानी सेवा प्रदायक संस्थासँग आबद्ध मर्चेन्टलाई यस मार्गदर्शनमा उल्लेखित कर्जा सीमाको अधिनमा रही कर्जा प्रदान गर्ने भएमा मर्चेन्टको सहमतिमा निजको व्यवसाय एवं कारोबारसम्बन्धी आवश्यक पर्ने विवरण भुक्तानी सेवा प्रदायक संस्थाले कर्जा विश्लेषण गर्ने प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराउन सक्नेछन् ।** |
| ५. | बुँदा नं.८ | हालको मार्गदर्शनमा भएको बुँदा नं. ८ लाई बुँदा नं. ९ र बुँदा नं. ९ लाई बुँदा नं. १० बनाई बुँदा मिलान गरिएको । | **८. बैंक तथा वित्तीय संस्थाले विद्युतिय कर्जा विश्लेषणलाई सहयोग पुग्ने गरी अन्य प्रविधि प्रदायक संस्थाहरु (Technology Service Providers - TSP) सँग सहकार्य गर्न सक्ने**<br><br>**(क) बैंक तथा वित्तीय संस्थाले कर्जा उपभोग गर्न चाहने ग्राहकलाई प्रणाली तथा प्रविधि प्रदान गर्ने संस्थामार्फत ग्राहकको सहमतिमा निजको व्यवसाय तथा कारोबारसँग सम्बन्धित आवश्यक विवरण विद्युतीय कर्जा विश्लेषण गर्ने प्रयोजनको लागि प्राप्त गर्न सक्नेछन् ।**<br><br>**(ख) बुदाँ नं (क) अनुरुप प्रदान भएको कर्जामा निहित जोखिम सम्बन्धित बैंक तथा वित्तीय संस्थामा रहनेछ ।**<br><br>**(ग) बुदाँ नं (क) अनुरुपको विवरण प्राप्त गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाले त्यस्तो विवरण प्रदान गर्ने संस्थासँग विवरण प्राप्त गर्ने प्रक्रिया, विवरणको गोपनियता एवं आधिकारिकता, ग्राहकको सहमति लगायतका व्यवस्थाहरु समेटी सम्झौता गर्नुपर्ने छ । यसरी भएको सम्झौताको जानकारी यस विभागमा दिनुपर्ने छ ।** |